**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 19.02.2026**

## सिक्किमको प्रतिनिधिमण्डल नयाँ दिल्लीमा एआई शिखर सम्मेलनमा

सिक्किम सरकारको सूचना प्रविधि विभागको एक उच्चस्तरीय प्रतिनिधिमण्डलले नयाँ दिल्लीमा आयोजित A I Impact शिखर सम्मेलन 2026 मा भाग लियो।

विश्वव्यापी एआई विज्ञहरू, नीति निर्माताहरू, प्रविधि नेताहरू र अन्तर्राष्ट्रिय प्रतिनिधिहरूको उपस्थितिमा प्रधानमन्त्री नरेन्द्र मोदीले शिखर सम्मेलनको उद्घाटन गर्नुभयो ।

सिक्किमको प्रतिनिधिमण्डलमा आईटी अध्यक्ष नवराज गुरुङ र आईटी सचिव बिमल राई शामेल थिए। यो भ्रमणको उद्देश्य शिखर सम्मेलन र एआई एक्स्पोमा प्रदर्शन गरिएका उदीयमान कृत्रिम बुद्धिमत्ता प्रविधिहरू, नीतिगत रूपरेखाहरू र कार्यान्वयन मोडेलहरूमा प्रत्यक्ष अन्तर्दृष्टि प्राप्त गर्नु थियो।

## एमएसएमई डिएफओले गान्तोकको एमजी मार्गमा प्रधानमन्त्री विश्वकर्मा मेला आयोजना गर्दै

सूक्ष्म, साना तथा मझौला उद्यम विकास तथा सहजीकरण कार्यालय (एमएसएमई-डिएफओ), गान्तोकले आज र भोलि गान्तोकको एमजी मार्गमा प्रधानमन्त्री विश्वकर्मा योजना अन्तर्गत प्रदर्शनी-र-व्यापार मेला आयोजना गरेकोछ । कार्यक्रमको उद्देश्य स्थानीय कारीगरहरू र प्रधानमन्त्री विश्वकर्मा योजनाका लाभार्थीहरूलाई उनीहरूको परम्परागत शिल्प र उत्पादनहरू प्रदर्शन गर्न, उद्यमशीलतालाई प्रवर्धन गर्न र बजार सम्बन्धलाई सुदृढ पार्न मार्केटिङ मंच प्रदान गर्नु हो।

मेलाको भूमिकाको बारेमा जानकारी दिँदै एमएसएमई-डिएफओ गान्तोककी निर्देशक निशा रानीले भनिन् .....

एमएसएमई-डिएफओ गान्तोकका सहायक निर्देशक निर्मल चौधरीले पहिलो चरणमा उद्यम दर्ता अन्तर्गत 6000 कारीगरहरूले पंजीकरण गरेका छन् र एमएसएमई डिएफओ गान्तोकले सरकारी ई-बजारस्थल, डिजिटल मार्केटिङ आदि सशक्त बनाउन र सम्भावित खरीददारहरूसँग जोड्न सकियोस् भनि संवेदिकरण प्रदान गर्न प्रतिबद्ध छ भने।

## दुई दिने चिन्तन शिविर

समाज कल्याण मन्त्री समदुप लेप्चाको सिक्किम सरकारको नेतृत्वमा एक प्रतिनिधिमण्डलले हिजो र आज बिहारको राजगीरस्थित नालन्दा विश्वविद्यालयमा आयोजित दुई दिने चिन्तन शिविरमा भाग लिएको थियो। यो शिविर भारत सरकारको अल्पसंख्यक मामिला मन्त्रालयले आयोजना गरेको थियो। केन्द्रीय मन्त्री किरेन रिजिजुको समापन भाषणसँगै कार्यक्रमको समापन भयो। उहाँले केन्द्र र राज्य सरकारहरू बीच घनिष्ठ समन्वय र सहयोगात्मक संलग्नताको महत्त्वमा जोड दिनुभयो।

## आरडीडी मन्त्री अरुण उप्रेतीले गुजरातस्थित दूद्ध सहकारी संस्थाको भ्रमण गर्नुभयो

सिक्किम सरकारका सहकारी तथा ग्रामीण विकास विभागका मन्त्री अरुण कुमार उप्रेतीले राज्यमा आफ्नो आधिकारिक कार्यक्रमको क्रममा गुजरातको पालनपुरस्थित बनास डेरीको भ्रमण गर्नुभयो।

1969 मा स्थापित बनास डेरी एशियाको सबैभन्दा ठूलो सहकारी डेरी हो र अमूल महासंघको एक प्रमुख सदस्य हो। आर्थिक वर्ष 2-24-25 मा 21,200 करोड रुपियाँ भन्दा | बढीको वार्षिक कारोबार भएको यस डेरीले दैनिक 10 करोड लिटरभन्दा बढी दूध प्रशोधन गर्छ र एक लाख अस्सी हजार भन्दा बढी किसान सदस्यहरूको जीविकोपार्जनमा सघाउ पुर्याउनछ, जसले गर्दा यो देशको सबैभन्दा सफल सहकारी मोडेलहरू मध्ये एक हो।

भ्रमणको क्रममा, सिक्किम प्रतिनिधिमण्डलले डेरीको ठूलो स्तरको प्रशोधन पूर्वाधार, किसान केन्द्रित सहकारी ढाँचा, र मूल्य-श्रृंखला व्यवस्थापन प्रणालीहरूको समीक्षा गर्यो।

## प्रिमुला छेत्री र प्रितिका छेत्री

सिक्किमकी प्रिमुला छेत्री र प्रितिका छेत्रीलाई 5 मार्चमा बेंगलुरुमा सुरु हुने आगामी सिनियर महिला Inter-Zonal एकदिवसीय क्रिकेट ट्रफी को लागि पूर्वोत्तर क्षेत्रको टोलीमा समावेश गरिएको छ।

प्रिमुला छेत्री अलराउन्डर हुन् भने प्रितिका छेत्रीले उत्कृष्ट batting गर्छिन्।

सिक्किमकी किकम भुटियालाई पूर्वोत्तर क्षेत्र महिला टोलीको मुख्य प्रशिक्षक नियुक्त गरिएको छ।

## पिन्ट्सो नामग्याल लेप्चाः अग्नि नियन्त्रक उपकरणहरू

वन तथा वातावरण, खानी तथा भूगर्भ, तथा विज्ञान एवम् प्रविधि विभाग मन्त्री पिन्ट्सो नामग्याल लेप्चाले आज गान्तोकको देवरालीमा भएको वन सचिवालयस्थित वन नियन्त्रण कक्षमा क्षेत्रीय डिभिजनहरूलाई वन अग्नि नियन्त्रक उपकरणहरू वितरण गर्नुभयो।